# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नवलपरासी (बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश

## औषधी खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको १५ दिने सूचना
### प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०९/०४

कावासोती नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा आ.ब. ०८०/०८१ का लागि आवश्यक पर्ने औषधीहरु सिलबन्दि दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने भएको हुदा इच्छुक फर्म, कम्पनी एवं सप्लायर्सहरुलाई तोकिएको सर्तहरुको अधिनमा रहि सिलबन्दि दरभाउपत्र पेश गर्नु हुन जानकारी गराईन्छ ।

१.सूचना प्रकाशन भएको मिति देखी १५ औं दिन सम्म दरभाउपत्र फाराम रु. ३०००/-( शिलबन्दि फाराम खरिदको दस्तुर जम्मा गर्ने ब्रैक खाता ३२००१००३०१०१०००३) फिर्ता नहुने गरि यस कार्यालयबाट खरिद गर्न सकिने छ । ईस्टिमेट अंकको ३ प्रतिशत (तिन प्रतिशत) ले हुन आउने रकम मान्यता प्राप्त बैंकको नियमानुसारको बैंक जमानत वा यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक कावासोती शाखामा रहेको धरौटी हिसाब नं. ३२००१००३०३००००३ मा जम्मा गरी सोको सक्कलै बैंक भौचर दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।

२.सोह्रौं दिनको १२. बजे सम्म दर्ता गर्न सकिने छ र सोही दिनको २:०० बजे प्रस्तावदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा दर्ता हुन आएका दरभाउपत्र यस कार्यालयमा खोलिने छ, सो दिन बिदा पर्न गएमा उक्त कार्य सो दिनको भोलीपल्ट हुने छ । प्रस्तावदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्रमा कबुल गरिएको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउमा दस्तखत गरेको हुनु पर्नेछ ।

४. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. खरिद गरिने सम्पूर्ण औषधीहरु WHO GMP Certified Company बाट उत्पादित औषधीहरु मात्र हुनु पर्नेछ । साथै बोत्तलमा सप्लाई हुने औषधीहरु सबै प्लास्टिक बोत्तलमा भएको हुनु पर्नेछ ।

६. सप्लाई हुने औषधीहरुको प्रत्येक प्याकेटको बाहिर उत्पादन मिति , Expiry Date र ब्याच नं. लेखिएको हुनु पर्नेछ ।

७. कार्यालयमा औषधी दाखिला हुन आउदा सम्म औषधीको म्याद कम्तिमा १८ महिना बाकी हुनु पर्नेछ ।

८. WHO GMP Certified Company बाट उत्पादित औषधीहरु बाहेक अन्य औषधीहरु स्वीकृत गरिने छैन साथै WHO GMP Certified Company बाट उत्पादन भएको प्रमाण दरभाउपत्रदाता स्वयंले नै पेश गर्नु पर्नेछ र सुई,धुलो,झोल औषधीहरु बाहेक अन्य सम्पूर्ण औषधीहरु Strip मात्र आपूर्ति गर्नुपर्नेछ ।

९. कार्यालय सम्म औषधीहरु आपूर्ति गर्दा लाग्ने ढुवानी,प्याकिङ तथा अन्य करहरु दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

१०. दरभाउपत्र कारवाहीमा भाग लिन अयोग्य नभएको स्वघोषणा पत्र दरभाउपत्र साथ लिखित रुपमा पेश गर्नु पर्नेछ ।

११. प्रस्तावदाताले दरभाउपत्र खरिद गर्दा सम्बन्धित कार्यालयको अधिकार प्राप्त कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फाराम खरिद गर्नुपर्ने छ ।

१२. यस सूचनामा नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली ,२०६४ (संसोधन सहित) तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१३. दरभाउ सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

| ठे. नं. | बिवरण | इष्टिमेट अंक (भ्याट बाहेक) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| 01/goods/km/080/81 औषधिजन्य सामाग्रीहरु | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | २६८१४३०/- | ८०४४३/- | |

प्रमुख प्रशासकिय अधिकृत